बैठक सख्या :- ३७औं
मिति : २०८२/०९/२७ आईतवार
समय : बिहान १२:३० वजे

मिति २०८२/०९/२७ गतेका दिन भोटखोला गाउँपालिकाको अध्यक्ष श्री वाङछेदर लामाको अध्यक्षतामा ३७औं गाउँकार्यपालिकाको बैठक बसि तपशिलका प्रस्तावहरु माथि छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती

| क्र.सं | नाम | पद | दस्तखत | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री वाङछेदर लामा | अध्यक्ष/का.पा.अध्यक्ष | [signature] | ९८५२०३३५८३ |
| २ | श्री सहना लामा | उपाध्यक्ष/का.पा.उपाध्यक्ष | [signature] | |
| ३ | श्री नुर्पु च्यावा | १ नं वडाध्यक्ष/का.पा सदस्य | [signature] | 9852037916 |
| ४ | श्री जिप्पा तेन्जिङ भोटे | २ नं वडाध्यक्ष/का.पा सदस्य | [signature] | ९८५२०३३६६८ |
| ५ | श्री पासाङ भोटे | ३ नं वडाध्यक्ष/का.पा सदस्य | [signature] | |
| ६ | श्री विकास तामाङ | ४ नं वडाध्यक्ष/का.पा सदस्य | [signature] | ९८५२०८०८०३ |
| ७ | श्री वाल कुमार राई | ५ नं वडाध्यक्ष /का.पा सदस्य | [signature] | 9743487205 |
| ८ | श्री दावा भुटिक नावा | का.पा सदस्य | | |
| ९ | श्री चिप्पा भोटे | का.पा सदस्य | | |
| १० | श्री सलिना राई | का.पा सदस्य | सलिना | |
| ११ | श्री सरिता वि.क. | का.पा सदस्य | सरिता विश्वकर्मा | 9762725101 |
| १२ | श्री चेक्टुक भोटे | का.पा सदस्य | [signature] | 9852085013 |
| १३ | श्री जयवाउ भोटे | का.पा सदस्य | | |
| १४ | श्री फुर्पु भोटे | प्र.प्र.अ. /का.पा सदस्य सचिव | [signature] | 9742282222 |

**<u>३७औं कर्यपालिका बैठकको प्रस्तावहरु.</u>**

१.समिक्षा सम्बन्धमा ।
२.राजश्व संकलन सम्बन्धमा ।
३.वजेट शिर्षक परिवर्तन सम्बन्धमा ।
४.गाउँसभा (हिउदेसभा) संचालन सम्बन्धमा ।
५.राष्ट्रपति रनिङशिल्ड संचालन सम्बन्धमा ।
६.सरुवा सहमित सम्बन्धमा ।
७.वजेट विनियोजन सम्बन्धमा ।
८.शिक्षा कर्मचारी सम्बन्धमा ।
९.परिक्षा संचालन सम्बन्धमा ।
१०.विज्ञापन प्रकाशन सम्बन्धमा ।
११.नून वितरण सम्बन्धमा ।
१२.स्वास्थ्य/शिक्षा कर्मचारी सम्बन्धमा ।
१३.मेलमिलापकर्ता सूचिकृत सम्बन्धमा ।
१४.वरुणमेला ब्यवस्थापन तथा खेलकुद संचालन सम्बन्धमा ।
१५.धोगाम काठेपुल मर्मत सम्बन्धमा ।
१६.छेसुम्बा कृषि सडक IEE सम्बन्धमा ।
१७.छलफलमा निमन्त्रणा गर्ने सम्बन्धमा ।
१८.विविध खर्च सम्बन्धमा ।
१९. ब्याजकर सम्बन्धमा ।
२०. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
२१. समपुरक प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
२२. म्यादथप सम्बन्धमा

सलिना
सरिता विश्वकर्मा

३७औ कार्यपालिका बैंठकको निर्णयहरु

<u>निर्णय नं १-</u> प्रस्ताव नं १ माथी छलफल गर्दा ३६औ कार्यपालिका बैंठकको समिक्षा गरियो ।

<u>निर्णय नं २</u>

प्रस्ताव नं २ माथी छलफल गर्दा भोटखोला गाउँपालिकामा संचालित जलबिधुत आयोजनाहरुले मुअब्जा वितरणको कार्य
सदरमुकाम खाँदबारीबाट गरिने भएको र मुअब्जाको कारोबार संग सम्बन्धीत बिभिन्न सिफारिस तथा कागजातहरु बनाउन
तथा लिन जग्गाको मुअब्जा वितरणको बेला सेवाग्राहीहरु भोटखोलाका वडाहरुमा पटक पटक आईरहनु पर्ने भएकोले
सेवाग्राहीलाई धेरै दुख, झनझट तथा आवत जावत खर्च धेरै हुने भएकोले खाँदबारीमै वडा सचिव र वडाअध्यक्ष केहि समय
खाँदबारी मै बसी सेवा दिने र सो सेवा दिएवापत प्रति रोपनी रु.१,०००।– (एक हजार) राजश्व लिने ।उत्त रकम वडाले
मेन्यूवल्ली रसिद नकाटी सेवाग्राहीले नै ग्लोवल आई.एम.ई बैंकमा भोटखोला गाउँपालिकाको नाममा रहेको आन्तरिक
राजश्व खाता नं १५००४०१००००००८ ग.१.१ मा जम्मा गरेको भौचर प्राप्त भए पछि वडाबाट सिफारिस दिने र सबै
भौचरहरु जम्मा गरि गाउँपालिकामा पेश भएको भौचर र जलबिधुत आयोजनाहरुबाट मुअब्जा वितरणको प्राप्त विवरण रुजु
गरि संकलित रकमको ३०% रकम वडाको अस्थाई कार्यालय ब्यवस्थापन,भाडा,खाना बास,विजुली बत्ती ,पानी ,खाजा नास्ता
र अन्य कार्यालय सामग्री ब्यवस्थापन वापत विल भर्पाईको आधारमा भुक्तानी दिने निर्णय पारित गरियो ।

<u>निर्णय नं ३-</u> प्रस्ताव नं ३ माथी छलफल गर्दा आ.व.२०८२/०८३ को लागी विनियोजित बिभिन्न योजना तथा कार्यक्रमहरु विविध कारणवश शिर्षक परिवर्तन गर्नु पर्ने भएकोले तपशिलका योजना तथा कार्यक्रमहरु निम्न शिर्षकमा परिवर्तन गरि कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

| क्र.सं | कार्यक्रम संकेत नं | खर्च शिर्षक नं | रकम | साविक योजना/कार्यक्रमको नाम | परिवर्तित योजना/कार्यक्रमको नाम |
|---|---|---|---|---|---|
| १ | १३४.२२.१.१०० | ३१११३ | १२,००,०००।- | श्री पोसी भञ्याङ आ.वि. भवन मर्मत योजना भोटखोला-४ | श्री पोसी भञ्याङ आ.वि. भवन निर्माण योजना |
| २ | १३४.२२.१.११२ | ३११५१ | २५,००,०००।- | गोला लिंगम मांखिम कृषिसडक ट्राकओपन निर्माण योजना भोटखोला वडा नं ४ | लिंगम मांखिम कृषिसडक ट्राकओपन योजना |
| ३ | १३४.२२.१.८६ | ३११२३ | २७,००,०००।- | श्री कृष्ण मा.वि.आवशिय महिला छात्रावास भवनको फर्निचर निर्माण | श्री कृष्ण मा.वि.आवशिय महिला छात्रावास भवन निर्माण योजना |
| ४ | १३४.२२.१.१५४ | ३११५१ | ५०,०००।- | आराकाठेपुलदेखि कालुङमा लबवटिसम्म बाटो सोलिङ बाटो सोलिङ योजना | हुङगुङ सामुदायिक स्वास्थ्य ईकाई तारबार तथा गेट निर्माण |
| ५ | १३४.२२.१.१६४ | ३११५१ | २,५०,०००।- | हुङगुङ छेसुमबा किमाथांका कृषि सडक EIA | हुङगुङ छेसुमबा किमाथांका कृषि सडक IEE कार्यक्रम |
| ६ | १३४.२२.१.१०३ | ३११५१ | १८,००,०००।- | हुङगुङ कृषि सडक निर्माण | छेसुम्बा कृषि तथा ग्रामिण सडक निर्माण |
| ७ | १३४.२२.१.७३ | ३११५१ | ६,००,०००।- | हटिया कृषि सडक योजना निर्माण भोटखोला-३ | हटिया कृषि सडक ढलान योजना भोटखोला-३,सङखुवासभा |
| ८ | १३४.२२.१.१५६ | ३११५१ | ५,००,०००।- | हटिया कृषि सडक | |

<u>निर्णय नं ४</u>

प्रस्ताव नं ४ माथी छलफल गर्दा गाउँपालिकाको १३औ गाउँसभा (हिउदेसभा) मिति २०८२/१०/२० गते संचालन गर्ने निर्णय पारित गरियो ।

निर्णन नं ५

प्रस्ताव नं ५ माथी छलफल गर्दा २०८२ सालको राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता वडा नं ४ स्थित गोलामा संचालन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ माथी छलफल गर्दा वडा नं ४ वडा कार्यालयमा कार्यरत वडा सचिव प्रशासन सहायक पाचौ तह श्री शुशिला घिमिरेलाई अन्य स्थानिय तहमा सरुवा भई जानको लागी मिति २०८२/०९/२८ गते सहमती दिने निर्णय पारित गरियो ।

निर्णय नं ७

प्रस्ताब नं ७ माथी छलफल गर्दा आ.व.२०८२/०८३ को लागी कार्यक्रम संकेत नं १३४.२२.१.४८ खर्च शिर्षक नं २२७११ विविध प्रशासनिक चालु खर्च शिर्षकबाट खेलकुद कार्यक्रम शिर्षकमा रु.१०,००,०००।– (दश लाख) विनियोजन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ माथी छलफल गर्दा संघीय सशर्त माध्यमिक तह शिक्षण सहयोग अनुदान मार्फत करारमा नियुक्ती तपशिलका शिक्षक/शिक्षिकाहरुलाई मिति २०८२/१०/०१ गते देखि लागु हुने गरी सेवाबाट हटाउने निर्णय पारित गरियो ।

| क्र.सं. | विधालयको नाम | शिक्षक/शिक्षिकाको नाम | तह | विषय |
|---|---|---|---|---|
| १ | अरुणोदय मा.वि.भोटखोला-२ लिंगम | सीता लामिछाने | मा.वि. | सामाजिक |
| २ | कृष्ण मा.वि भोटखोला ४ गोला | मनोज पराजुली | मा.वि. | नेपाली |

निर्णय नं ९

प्रस्ताव नं ९ माथी छलफल गर्दा समुदायमा आधारित बाल विकास केन्द्रको लागी मिति २०८२/०८/०७ गते विज्ञापन नं ०१/०८२/०८३ वालबिकास सहजकर्ता पदको परिक्षा मिति २०८२/१०/०३ गते गाउँपालिकाको सभाहलमा संचालन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १०

प्रस्ताव नं १० माथी छलफल गर्दा तपशिलका पदहरुको लागी करार सेवामा लिन मिति २०८२/०९/२९ गते विज्ञापन प्रकाशन गर्ने निर्णय पारित गरियो ।

| क्र.सं | पद | सेवा | तह | सख्या | कार्यरत हुने कार्यालय |
|---|---|---|---|---|---|
| १ | अ.हे.ब. | स्वास्थ्य | सहायक चौथो | १ | श्री सामुदायिक स्वास्थ्य ईकाइ गोला,भोटखोला-४ |
| २ | अ.हे.ब. | स्वास्थ्य | सहायक चौथो | १ | श्री सामुदायिक स्वास्थ्य ईकाइ सेम्बुङ,भोटखोला-४ |
| ३ | अ.न.मी | स्वास्थ्य | सहायक चौथो | १ | श्री सामुदायिक स्वास्थ्य ईकाइ डिमा,भोटखोला-५ |

निर्णय नं ११

प्रस्ताव नं ११ माथी छलफल गर्दा साल्टट्रेडिङ कर्पोरेसनबाट प्राप्त ६६८(छसय अठ्सठ्ठी) क्विन्टल नून तपशिल अनुसार वितरण गर्ने निर्णय गरियो ।

१.भोटखोला गाउँपालिका वडा नं १ – ५० क्विन्टल
२. भोटखोला गाउँपालिका वडा नं २ – १२५ क्विन्टल
३. भोटखोला गाउँपालिका वडा नं ३ – १२५ क्विन्टल
४. भोटखोला गाउँपालिका वडा नं ४ – १२५ क्विन्टल
५. भोटखोला गाउँपालिका वडा नं ५ – १२५ क्विन्टल
६.गाउँपालिका - ११८ क्विन्टल

निर्णय नं १२

प्रस्ताव नं १२ माथी छलफल गर्दा स्वास्थ्य र शिक्षाको तपशिलका कर्मचारीहरुको लागी निम्न निर्णयहरु पारित गरियो ।

क.थुदाम समुदायिक स्वास्थ्य ईकाइमा कार्यरत अ.हे.ब श्री छेसाङ भोटे र कार्यालय सहयोगी श्री फुर्पु धेन्डुक भोटे कार्यालयमा नियमितरुपमा हाजिर भई कामकाज नगर्ने र बारम्बार ताकेता गर्दा पनि कार्यालयमा हाजिर नहुने र फोन स्विचअफ गरि बस्ने भएकोले काम सन्तोषजनक नदेखिएकोले अ.हे.ब श्री छेसाङ भोटे को मिति २०८२/०८/०१ गते देखि मिति २०८२/०९/२७ गते सम्म र कार्यालय सहयोगी फुर्पु धेन्डुक भोटेको मिति २०८२/०८/०१ गते दिखि नियमित हाजिर भै कामकाज गर्न सुरु गरि काम सन्तोष जनक नदेखिए सम्मको लागी तलव भत्ता/सेवा सुविधा भुत्तानी नदिने साथै पछि काम सन्तोषजनक देखिएमा कार्यापालिकाको निर्णयबाट पून कामकाजमा खटाउन सक्ने गरी निर्णय पारित गरियो ।

ख. भोटखोला गाउँपालिका वडा नं २ स्थित दूधपोखरी आ.वि.मा कार्यरत बालविकास सहजकर्ता श्री सम्झना भोटेलाई २०८२/०१/०१ गते देखि लागु हुने गरी श्री अरुणोदय मा.वि लिंगममा कामकाज गर्न पठाउने निर्णय पारित गरियो ।

निर्णय नं १३

प्रस्ताव नं १३ माथी छलफल गर्दा भोटखोला गाउँपालिकामा नियुत्ती भएका मेलमिलापकर्ताहरुलाई सूचिकृत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १४

प्रस्ताव नं १४ माथी छलफल गर्दा बरुणमेला व्यवस्थापन तथा माघेमेला खेलकुद संचालनमा कार्यक्रम संकेत नं १३४.२२.१.४८ खर्च शिर्षक नं २२७११ विविध प्रशासनिक चालु खर्च शिर्षकबाट रु.३,५०,०००।– विनियोजन गर्ने निर्णय गरियो साथै रु.१,५०,०००।– बरुणमेला व्यवस्थापन कार्यक्रम संचालन गर्न र रु.२,००,०००।-सेम्बुङ बरुण माघेमेला खेलकुद कार्यक्रम भोटखोला-४ बरुणलाई खेलकुद कार्यक्रम संचालन गर्न दिने निर्णय पारित गरियो ।

निर्णय नं १५

प्रस्ताव नं १५ माथी छलफल गर्दा भोटखोला गाउँपालिका वडा नं ३ स्थित धोगाम काठेपुल मर्मतको लागी कार्यक्रम संकेत नं १३४.२२.१.३६६ खर्च शिर्षक नं २२७११ कार्यालय विविध खर्च शिर्षकलाई विपद व्यवस्थापन कोष शिर्षकमा परिवर्तित शिर्षकबाट भुत्तानी हुने गरी रु.१,२०,०००।– (एक लाख विस हजार) विनियोजन गरि मर्मत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १६

प्रस्ताव नं १६ माथी छलफल गर्दा छेसुम्बा कृषि सडक EIA लाई IEE मा शिर्षक परिवर्तन गरि सो कार्यक्रमको प्रतिवेदन प्राप्त भए पछि र विवाद सामेल भई सहमतीमा आएपश्चात काम सुरुको लागी प्रकृया अघि बढाउने निर्णय पारित गरियो ।

र्णय नं १७

प्रस्ताव नं १७ माथी छलफल गर्दा छेसुम्बा कृषि सडक निर्माण सम्बन्धी विवाद उत्पन्न भई उजुरी समेत परेकोले सो सम्बन्धी
माथांका,दाम्दाङमा, पेजुङ डाँडा ,गुहिम र पोसि भङ्याङ मध्यवर्ति सामुदायिक वन उपभोत्ता समिति तथा अन्य सरोकारवालाहरुलाई
उँपालिकामा मिति २०८२/१०/०६ गते भित्र छलफलको लागी निमन्त्रणा गरि छलफल गर्ने निर्णय पारित गरियो ।

नेर्णय नं १८

प्रस्ताव नं १८ माथी छलफल गर्दा तपशिलका शिर्षकहरुमा भुक्तानी दिने निर्णय गरियो ।
क.कार्यक्रम संकेत नं १३४.२२.१.२६ खर्च शिर्षक नं २८१४९ पालिका ढुवानी खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय पारित
रियो ।
क.वडा नं ३ वडा अध्यक्ष श्री पासाङ भोटे विरामी भएकोले ईमर्जेन्सी हटिया देखि खाँदबारी सम्म गाडी भाडा रु.२७,५००।–
नेयमानुसार कर कट्टा गरी लावाङ भोटेलाई भुक्तानी दिने निर्णय गिरयो ।
ख. कार्यालिका सदस्य र कर्मचारीहरु गोला देखि हटिया सम्म गाडिमा आएवापत गाडी भाडा रु.१३,०००।– नियमानुसार कर
कट्टा गरी वाङछिरिङ भोटेलाई सोधभर्ना भुक्तानी दिने निर्णय गिरयो ।
ग.कार्यक्रम संकेत नं १३४.२२.१.३५ खर्च शिर्षक नं २२४११ भोटखोला २ सोस देखि दो लिबलिब सम्म अरुण नदीमा बहुपर्यटकिय झोलुङगे पुल डि.पि.आर निर्माण शिर्षकबाट भोटखोला २ सोस देखि दो लिबलिब सम्म अरुण नदीमा बहुपर्यटकिय झोलुङगे पुल डि.पि.आर सम्बन्धी अनुसन्धान तथा सर्भे र स्याक्सिला सिप्रुङ झोलुङगे पुल सर्भेमा भएको खर्च ला विल भर्पाईको आधारमा निर्माण
भुक्तानी दिने निर्णय पारित गरियो ।
घ.कार्यक्रम संकेत नं १३४.२२.१.३३ खर्च शिर्षक नं २२५२९ विपन्न नागरिक औषधी उपचार तथा विपन्न नागरिक आर्थिक सहायता कार्यक्रमबाट तपशिलका ब्यत्तिहरुलाई आर्थिक सहायता दिने निर्णय पारित गरियो ।

- अ. लोकेन्द्र श्रेष्ठको मृत्यू भएकोले निजको श्रीमती मिङमार श्रेष्ठलाई रु.२५,०००।–
- आ. छोजुङ भोटे भोटखोला-२ बाढीपहिरो पिडित रु.२५,०००।-

निर्णय नं १९

प्रस्ताव नं १९ माथी छलफल गर्दा 5 Bed Primary Hospital Bhotkhola Rural Municipality ward No.3 Sankhuwasabha ठेक्का सकेत न BRM/W/NCB/B/1/078-79 को कार्य गर्न यस भोटखोला गाउपालिकाको कार्यलय र श्री जोशी/कुवर/ एस.ए.एस जे.भी बिच सम्झोता भइ निर्माणको कार्य भइरहेको र हाल ठेकक्का को म्याद सकिसकेको हुदा श्री जोशी/कुवर/ एस.ए.एस जे.भी को मिति २०८२।०८।०८ गतेको पत्रानुसार म्याद थप गरि पाउ भनि आएको निवेदन अनुसार विविध कारणले निर्माण कार्य समयमा नसकेकोले पुन २०८२।०९।३० गते देखि २०८२।०३।३१ गते सम्मका लागी म्याद थप गर्ने निर्णय पारित गरियो ।

निर्णय नं २०

प्रस्ताव नं २० माथी छलफल गर्दा आ.व. २०८२/०८३मा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वडा नं ५ लाई ६ जना र अरु वडाहरुलाई ५/५ जनाको दरले दिने निर्णय गरियो ।

निर्णय नं २१

प्रस्ताव नं २१ माथी छलफल गर्दा संघीय सरकारबाट समपुरक र विशेष अनुदान सम्बन्धी प्रस्ताव पेश गर्न मिति २०८२/०८/२६ गते प्रकाशित सूचना अनुसार आ.व.२०८३/०८४ को लागी यस भोटखोला गाउँपालिकाबाट तपशिलका आयोजना/योजना/कार्यक्रमको लागी प्रस्ताव पेश गर्ने निर्णय पारपित गरियो ।

तपिशल

१.समपूरक अनुदान – कार्यक्रमको नाम : उच्च हिमाली क्षेत्रमा पाईने रैथाने कृषिवाली तथा पशुपंक्षी संरक्षण प्रवर्धन , वजारिकरण योजना
कार्यक्रम संचालन स्थान: भोटखोला गाउँपालिका वडा १ देखि ५ सम्म ,सङखुवासभा ।

२.समपूरक अनुदान – कार्यक्रमको नाम : आवशीय छात्रावास भवन निर्माण योजना
कार्यान्वयन हुने स्थान : श्री अरुणोदय माध्यमिक विधालय,भोटखोला-२ ,लिंगम ,सङखुवासभा ।

निर्णय नं २२

प्रस्ताव नं २२ माथी छलफल गर्दा भोटखोला गाउँकार्यपालिकाको कार्यालय र गाउँपालिका अन्तरगत बिभिन्न सेवामा कार्यरत सबै करारका कर्मचारीहरुको करार सेवा म्याद २०८२ माघ १ गते देखि २०८३अषाढ मसान्त सम्मलाई थप गर्ने निर्णय गरियो ।

बन्द